कालीगण्डकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

कालीगण्डकी, स्याङ्जा

आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठयक्रम र मूल्याङ्कन सम्बन्धी कस्टमाइज्ड तालिम

सहजकर्ता: हेमन्त पराजुली
शिक्षक,भगवती माध्यमिक विद्यालय

मिति: २०८२/०३/११ बुधबार

सहजीकरण कार्यतालिका

दिन	प्रथम सत्र	दोस्रो सत्र	तेस्रो सत्र
	१०:३०-१२:००	१२:१५-१३४५	१४:३०-१६:००
दोस्रो	एकीकृत पाठ्यक्रम र मुल्याङ्कन तौर तरिका	नेपाली भाषा शिक्षण,मूल्याङ्कन र पोर्टफोलियो व्यवस्थापन	नतिजा तयारी र क्रियाकलाप केन्द्रित नमुना पाठयोजना

Learning Outcomes:

१.विद्यार्थी मूल्याङ्कन विधि र प्रक्रिया,

२.विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख राख्न ,

३.प्रगति विवरण (Progress Report) / नतिजा तयारी गर्न ।

सिकाइ उपलब्धि मूल्यांकन अभिलेख फाराम तयारका आधार





Hemanta Parajuli

पाठ्यक्रमका तत्वहरू

१. उद्देश्यहरू

२. विषयसूची

३. शिक्षणसिकाइ क्रियाकलाप विधिहरू

४. मूल्याङ्कन



एकीकृत पाठ्यक्रम(Integrated Curriculum)

- दुई वा दुईभन्दा बढी विषयहरूका सान्दर्भिक पक्षहरूलाई अर्थपूर्ण रूपमा संयोजन गरी निर्माण गरिएको पाठ्यक्रमलाई एकीकृत पाठ्यक्रम भनिन्छ ।
- एकीकृत पाठ्यक्रमका विभिन्न ढाँचाहरू छन् । जसमध्ये विषयगत, बहुविषयगत, अन्तर विषयगत र विषयविहीन ढाँचा प्रचलित छन् ।
- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम समग्रमा बहुविषयक ढाँचामा र हाम्रो सेरोफेरो अन्तर विषयक ढाँचामा विकास गरिएको छ । पाठ्यक्रमलाई व्यावहारिक, सान्दर्भिक र सहजरूपमा कार्यान्वयन गर्नको लागि पाठ्यसामग्रीहरूको रूपमा पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक विकास गरिएको छ ।

विद्यार्थी मूल्याङ्कन

- निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गरिएको,
- कक्षाकोठामा आधारित मूल्याङ्कन, विभिन्न किसिमका साधनहरू प्रयोग गरे विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा लिएको,
- कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थी सिकाइ स्तर पहिचान गर्ने,
- आधारभूत तहको कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्ने र निर्माणात्मक हुने भए पनि आवश्यकतानुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने ।

विद्यार्थी मूल्याङ्कन

- निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गरिएको,
- कक्षाकोठामा आधारित मूल्याङ्कन, विभिन्न किसिमका साधनहरू प्रयोग गरे विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा लिएको,
- कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थी सिकाइ स्तर पहिचान गर्ने,
- आधारभूत तहको कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्ने र निर्माणात्मक हुने भए पनि आवश्यकतानुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने ।

सिकाइका लागि मूल्याङ्कन

- कक्षाकोठामा गरिने मूल्याङ्कनले सिकाइ सहजीकरण प्रक्रिया अर्थात् शिक्षण सिकाइ क्रियाकलापको एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने ,
- कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनले विद्यार्थीको सिकाइको वर्तमान अवस्था पत्ता लगाई सुधारका लागि मार्ग पहिचान गर्न सहयोगको साथै अपेक्षित सिकाइ गर्ने विद्यार्थीलाइ अग्रिम सिकाइका लागि निर्देशित पनि गर्ने,
- सिकाइका लागि मूल्याङ्कनका रूपमा प्रयोग गर्ने,
- विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्ने,
- मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु,

सिकाइका लागि २ चरणमा मूल्याङ्कन

- पहिलो चरणमा शिक्षण सिकाइको निश्चित विषयवस्तु सिकाइपश्चात् गरिएको मूल्याङ्कनमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,
- दोस्रो चरणमा पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्ने ,
- कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ ।

मूल्याङ्कन विधि र प्रक्रिया

- कक्षा १–३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ ।
- कक्षा १–३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ ।
- कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ ।
- विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसकोअभिलेख उल्लेख गर्नुपर्ने छ ।
- यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षा कार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन ।

विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू

कक्षा १–३ का विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्नअनुसार हुन सक्दछन् :

तालिका २६ : विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू

क्र. सं.	मूल्याङ्कनका तरिका	मूल्याङ्कनका साधन	कैफियत
१	कक्षा सहभागिता	अवलोकन, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन	
२	मौखिक कार्य	प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृष्य सामग्री	
३	लिखित कार्य	प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री	
४	परियोजना तथा प्रयोगात्मक कार्य	रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न	
५	कार्य सम्पादन तथा प्रदर्शन	अवलोकन, रुजू सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न	
६	सहपाठी मूल्याङ्कन	अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम	
७	स्वमूल्याङ्कन	रुजू सूची, श्रेणी मापन, फाराम	
८	अभिभावकको प्रतिक्रिया	रुजू सूची, श्रेणी मापन, फाराम	
९	कुराकानी, छलफल	अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम	

Hemanta Parajuli

उपलब्धिस्तरको रेटिङ

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धिस्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्दछ :

तालिका २७ : विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

उपलब्धिस्तर	मापन	उपलब्धिस्तरको सामान्य व्याख्या
कमजोर (Below basic)	१	मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको
सामान्य (Basic)	२	मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको
राम्रो (Proficient)	३	मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको
उच्च (Advanced)	४	मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको

- पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ ।
- मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ ।
- यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धिस्तर ३ पुर्याउने प्रयास गर्नुपर्दछ ।
- उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुर्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ ।

- सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ ।
- निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।
- यही क्रममा सबै विषयक्षेत्रको सिकाइ पश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर सहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ ।

रङअनुसारको गतिशील सिकाइ समूह र सिकाइको आधार, कक्षा २ र ३

शिक्षकको पूर्ण सहयोग (SWB)

शिक्षकको आंशिक सहयोग (SWB)

दौँतरी सिकाइ (SWB)

स्वयम् सिकाइ (SWB)

विद्यार्थी मूल्याङ्कन मार्गदर्शन २०७६, परिचय :

- यो मार्गदर्शन विभिन्न सरोकारवालाहरूको सहभागितामा निर्माण गरिएको हो।
- यो मार्गदर्शन कक्षा १ देखि ३ सम्मका विद्यार्थीको क्षमतालाई दृष्टिगत गरी विकास गरिएको छ।
- कक्षा १–३ को एकीकृत संरचनाको पाठ्यक्रमअनुसार चारओटा विषयक्षेत्रमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न विधि, प्रक्रिया तथा साधनहरू उल्लेख गरिएको छ।

मूल्याङ्कनका निश्चित विधि र प्रकृया उल्लेख :

- मूल्याङ्कनलाई कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्ने ,
- सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा न्यूनतम सिकाइ सुनिश्चित गर्ने ,
- सबै विद्यार्थीलाई थप तथा माथिल्लो स्तरको सिकाइका लागि अवसर प्रदान गर्ने ,
- विद्यार्थीको सिकाइका लागि मूल्याङ्कनमा विषयगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्ने ,
- व्यवहारकुशल सिप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गर्ने ,

मूल्याङ्कन विधि र प्रकृया :

- मूल्याङ्कन पश्चात कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ।
- पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ।
- मूल्याङ्कन गर्दा मूलतःविद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ।
- विद्यार्थीको मूल्याङ्कनमा यथासक्य वास्तविक कार्य (Authentic task) समावेश गर्नुपर्दछ।
- अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावि सिकाइको योजना निर्माण गर्न विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ।

विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन

- कार्यसञ्चयिका (Portfolio) विद्यार्थीको व्यक्तिगत शैक्षिक गतिविधिको महत्वपूर्ण संगालो हो।
- यसमा विद्यार्थीका कार्य तथा उपलब्धि, उनीहरूका विभिन्न विवरणहरु,अतिरिक्त कृयाकलापहरु क्रमबद्ध, समयबद्ध तथा श्रृङखलाबद्ध रुपमा व्यवस्थित तरिकाले राखिन्छ।
- कक्षा १–३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) निर्माण गर्नुपर्ने कुरामा मार्गदर्शनले जोड दिएको छ।
- कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य,परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन , हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ।
- मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार कार्यसञ्चयिका (Portfolio) मा व्यवस्थित गरेर राख्नुपर्छ, अभिलेखीकरण गर्नुपर्छ।

कार्यसञ्चयिका व्यवस्थापन

- विद्यार्थीको प्रगति स्पष्ट देखिने किसिमका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिला मिलाई राख्नु पर्छ।
- प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नु पर्छ।
- प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुनसक्छ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरमा राखिनु पर्छ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ।

विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग गर्न सकिन्छ :

- शिक्षकले : विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन ,
- विद्यार्थीले : आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र प्रोत्साहित हुन,
- अभिभावकले : विद्यार्थीको कार्य तथा सिकाइ प्रगतिका साथै कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न,
- विद्यालयले : सिकाइका लागि अवसर प्रदान गर्न, प्रोत्साहित गर्न शिक्षकको पेशागत विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न,
- विद्यालय व्यवस्थापनले : विद्यालय समुदाय सम्बन्ध सुधार गरी सिकाइ वातावरण सुधार गर्न,

मूल्याङ्कनका तरिका र साधन सम्बन्धि व्यवस्था :

- मूल्याङ्कनका साधन विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्ने बैध हुनुपर्ने,
- फरक फरक स्थान र व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरुपता आउने विश्वसनीय हुनुपर्ने ,
- विद्यार्थीका बहुपक्ष तथा विविधताको सम्बोधन गर्न सक्ने हुनपर्ने,
- विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोगमा विशेष जोड दिनुपर्ने ।

अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग :

- अपाङ्गता भएका विद्यार्थीका लागि कतिपय तरिका तथा साधन उपयोगी नहुन पनि सक्दछन
- कतिपयको प्रयोगमा भिन्नता ल्याउनु पर्ने हुनसक्दछ।
- मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित गर्नु हुँदैन।

अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग :

- **दृष्टि क्षमता कमजोर** भएकालाई : ठुलो अक्षरमा प्रश्न निर्माण गर्ने,बढी प्रकाशमा लेख्न लगाउने , आवश्यक देखिए अतिरिक्त समय दिने
- **दृष्टिविहिनलाई** : ब्रेल लिपि,अतिरिक्त समय,सहयोगी वा मौखिक अडियो रेकर्ड।
- **कमजोर सुनाइ** क्षमता :ठुलो स्वरमा प्रश्न , सांकेतिक भाषाको माध्यमबाट वा लिखित कार्य वा प्रयोगात्मक,
- **बौद्धिक तथा अन्य** अपाङ्गलाई प्रकृति स्वरूपअनुरूपको वैकल्पिक प्रबन्ध गर्नुपर्नेमा जोड दिएको छ।

मूल्याङ्कनका सन्दर्भमा हामी शिक्षकहरू रूपान्तरित हुनुपर्ने विषय

- सिकाइका तिनवटै पक्षहरू ज्ञान, सीप र अभिवृत्ति(व्यवहार) मा अपेक्षित परिवर्तन गराउन हाम्रो सिकाइ क्रियाकलाप केन्द्रित हुनु पर्दछ ।
- 'सिकाइको मूल्याङ्कन' नभइ 'सिकाइका लागि मूल्याङ्कन' मा केन्द्रित हुनुपर्दछ ।
- प्रश्नपत्र बाहेक अन्य विभिन्न साधनहरू पनि मूल्याङ्कनका निम्ति प्रभावकारी हुन्छन् । त्यसैले थिमको सिकाइ क्रममा वा सिकाइपश्चात त्यस्ता साधन निर्माण गर्नुपर्दछ ।
- मूल्याङ्कन कार्यमा सकेसम्म सही साधन (Tools of Authentic Task) को प्रयोग गर्नुपर्ने हुन्छ ।

परम्परागत परीक्षाशैलीमा परिवर्तन

- कक्षा १–३ मा पूर्णाङ्क र उत्तीर्णाङ्कमा आधारित परम्परागत परीक्षा सञ्चालन नभइ थिमगत सिकाइ मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्दछ ।
- पाठ्यक्रमले निर्धारण गरे अनुसार प्रत्येक थिम अन्तर्गतका हरेक सिकाइ उपलब्धीको मूल्याङ्कन गर्नुपूर्व मूल्याङ्कन साधन तयार गरेर त्यसको आधारमा मात्र रेटिङ् गरी अभिलेख राख्नुपर्दछ ।

आवधिक मूल्याङ्कन

- हरेक थिमको सिकाइ पश्चात वा सिकाइकै क्रममा शिक्षकले उपयुक्त साधनमार्फत मूल्याङ्कन गर्नुपर्दछ ।
- आवधिक रूपमा मासिक, त्रैमासिक वा चौमासिक रूपमा जे जति थिम र त्यस अन्तर्गतका सिकाइ उपलब्धीमा आधारित भइ शिक्षण गरियो, सोही सिकाइ उपलब्धी संख्याको आधारमा विद्यार्थीको प्रगति विवरण तयार गरेर अभिभावक समक्ष प्रदान गर्नुपर्ने हुन्छ ।
- त्रैमासिक अवधिमा प्रश्नपत्रमार्फत गरिने मूल्याङ्कन भन्दा यो बढी प्रभावकारी हुन्छ ।

थप सिकाइ सहायता

- नियमित पढाइपछि विद्यार्थीको उपयुक्त साधनमार्फत विद्यार्थीको मूल्यांकन गर्दा रेटिङ ३ प्राप्त गरेमा ४ पुर्‍याउन मद्दत गर्नुपर्छ ।
- यदि १ वा २ मात्र रेटिङ प्राप्त गरेमा **उपचारात्मक सिकाइ** मार्फत कम्तिमा ३ पुर्‍याउनै पर्दछ ।
- उपचारात्मक सिकाइको लागि आफ्नो अनुकुल योजना बनाउनुपर्दछ । किनकी विद्यार्थी संख्या, कक्षाको भौतिक वातावरण, उपलब्ध स्रोत अनुसार हाम्रा अवस्था फरक हुन्छन् ।

विद्यार्थीको नतिजा तयारी

- थिमगत रूपमा गरिएको मूल्याङ्कनको उपलब्धीस्तरलाई क्रमशः जोड्दै त्रैमासिक वा अर्धवार्षिक वा आवधिक नतिजा तयार गरिन्छ । यसलाई निर्माणात्मक मूल्याङ्कनको रूपमा प्रयोग गर्नुपर्दछ ।
- सबै विषयक्षेत्रको सबै सिकाइ उपलब्धीको विभिन्न साधनहरूमार्फत गरिएको मूल्याङ्कनका आधारमा वार्षिक नतिजा तयार गरिन्छ । यो निर्णयात्मक मूल्याङ्कन हो ।
- परम्परागत अंकन प्रणालीको सट्टामा पूर्णतः उपलब्धी स्तरको आधारमा अक्षरांकन पद्दतिमा मूल्याङ्कन अभिलेख राखिन्छ ।
- कक्षा १–३ मा सैद्धान्तिक र प्रयोगात्मक भनेर अलग अलग मूल्यांकन हुँदैन ।

मूल्याङ्कनका साधन

- विद्यार्थीको मूल्याङ्कन गर्न प्रयोग गरिने सामग्री वा माध्यम नै मूल्याङ्कनका साधन हुन् ।
- परम्परागत रूपमा प्रश्नपत्र निर्माणलाई मात्र मूल्याङ्कन साधनको रूपमा लिइन्थ्यो भने अहिले प्रश्नपत्र सहित अन्य धेरै सामग्री मूल्याङ्कनका निम्ति प्रयोग हुन्छ । तिनलाई नै मूल्याङ्कनका साधन बुझिन्छ ।
- हरेक विषय क्षेत्रभित्र मूल्याङ्कनका आधारहरू फरक छन् तर समग्र प्रक्रिया उस्तै उस्तै हो ।
- विषयक्षेत्र अनुसार हरेक थिम अन्तर्गतका प्रत्येक सिकाइ उपलब्धीको मूल्याङ्कनका लागि निर्धारित सम्भावित साधनहरू निर्माण गरी शिक्षण सिकाइकै क्रममा वा थिमको सिकाइ पश्चात प्रयोग गरी सोका आधारमा विद्यार्थीको रेटिङ गर्दै जानुपर्ने हुन्छ ।

आधारभूत तह (कक्षा १–३) को एकिकृत पाठ्यक्रम अनुसार

मूल्याङ्कनको सम्भाव्य तरिका वा साधनहरू

क्र.सं.	मूल्यांकनका तरिका	मूल्यांकनका साधन
१	कक्षा सहभागिता	अवलोकन, रूजुसूची, रूब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन
२	मौखिक कार्य	प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृष्य सामग्री
३	लिखित कार्य	प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री
४	परियोजना तथा प्रयोगात्मक कार्य	रूजु सूची, रूब्रिक्स र श्रेणीमापन, मौखिक प्रश्न
५	कार्य सम्पादन र प्रदर्शन	अवलोकन, रूजु सूची, रूब्रिक्स र श्रेणीमापन, मौखिक प्रश्न
६	सहपाठी मूल्यांकन	अवलोकन, रूजु सूची, श्रेणीमापन, फाराम
७	स्वमूल्यांकन	रूजु सूची, श्रेणीमापन, फाराम
८	अभिभावक प्रतिक्रिया	रूजु सूची, श्रेणीमापन, फाराम
९	कुराकानी, छलफल	अवलोकन, रूजु सूची, श्रेणीमापन, फाराम

माथी उल्लेखत मूल्याङ्कनका साधनहरू मध्ये वा अन्य सम्भावित साधनहरू विषयक्षेत्रगत रूपमा आवश्यकता अनुसार शिक्षकले तयार गर्नुपर्ने हुन्छ ।

Hemanta Paraju
Krishna Prasad

नेपाली विषयको मूल्याङ्कनका सम्भावित तरिका वा साधनहरू

परीक्षण गर्ने पक्ष	तरिका वा साधन
श्रुतिकथन	कुराकानी, अवलोकन (हाउभाउ र कथन), छलफल, प्रश्नोत्तर
श्रुतिवर्णन	अवलोकन
श्रुतिरचना	लिखित सञ्चार
सङ्केतन र विसङ्केतन	श्रवण र उच्चारण, लिपि सङ्केत, शब्द सङ्केत, शब्द निर्माण
दृश्यबोध	चित्र, श्रव्यदृश्य सामग्री, स्थलगत भ्रमण
पुनरूत्पादन	पाठ वा पाठ्यसामग्री, ढाँचा लेखन, रङ भरण
वर्ण विभेदीकरण	लिखित कार्य
मापन	मौखिक तथा लिखित कार्य
शब्दभण्डार	शब्दसूची, अवलोकन (श्रवण), अर्थबोध र प्रयोग, परियोजना कार्य
पठन अभ्यास	शब्द उच्चारण, सस्वरवाचन, प्रवाह
लेखन अभ्यास	अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर, सिर्जनात्मक कार्य, रचना
पठन बोध	सूचना प्रयोग, छलफल र प्रश्नोत्तर, वर्णन, विषयवस्तु सङ्क्षेपीकरण, तुलना, परीक्षण
चिह्न, काल र सङ्गति	मौखिक प्रयोग, लिखित प्रयोग, वाक्यान्तरण

Hemanta Parajuli

रूब्रिक्स (Rubrics)

रूब्रिक आधिकारिक मूल्याङ्कनको एउटा साधनको रूपमा प्रयोग गरिन्छ । विद्यार्थीको सिकाइ मूल्याङ्कन गरी अंकन गर्ने विश्वसनीय माध्यम पनि हो । रूब्रिक्सको प्रयोगबाट विद्यार्थीहरुको सिकाइ उपलब्धिलाई एकरुपताका साथ अङ्कन गर्न सकिन्छ ।

रूब्रिक्सका मुख्य तीन अङ्ग हुन्छन् ।

१. आधार

२. अङ्कनको तह

३. सूचक

रूब्रिक्सको नमूना

सिकाइ उपलब्धी : १. हप्ताका दिनहरू क्रमैसँग भन्न र लेख्न ।

साधन : १. हप्ताका दिनहरू क्रमैसँग भन्नुहोस् र लेख्नुहोस् ।

१. ..... २. ..... ३. ..... ४. ..... ५. ..... ६. ..... ७. .....

रूब्रिक्स

आधार	अङ्कनको तह/मापनको तह			
	४	३	२	१
हप्ताका दिनहरू	हप्ताका दिनहरू क्रमैसँग भन्न र लेख्न सकेमा	हप्ताका दिनहरू क्रमैसँग भन्न वा लेख्न सकेमा	हप्ताका दिनहरू क्रम नमिलाई भन्न वा लेख्न सकेमा	हप्ताका दिनहरू क्रम नमिलाई र केही दिन छुटाइ भन्न वा लेख्न सकेमा

रूजुसूची

विद्यार्थीको अभिलेख राख्नको लागि छुट्टै फारम तयार गरी दिइएको रूजुसूचीमा विद्यार्थीले प्राप्त गरेको ठीक चिन्हको संख्या वा अंकका आधारमा रेटिङ गर्नुपर्ने हुन्छ ।

घ) 'चङ्खे खरायो' खेल खेल्दा विद्यार्थीको अभिनय अवलोकन गरी रूजु सूची भर्नुहोस् । (——/4)

(शिक्षक आफैंले अवलोकन गरी भर्ने)

सूचक	धेरै राम्रो (४)	राम्रो (३)	ठिकै (२)	नराम्रो (१)	प्राप्तांक
हाउभाउ					
संवाद					
सक्रियता					
सहकार्य					

(**रूब्रिक:** प्राप्ताङ्क अधिकत १६ मध्ये १२ वा सोभन्दा माथी पाएमा ४, ८ वा सोदेखि १२ सम्म पाएमा ३, ४ वा सोभन्दा भन्दा माथी पाएमा २ र ४ भन्दा कम आएमा १)

Hemanta Paraiuli

प्रश्नोत्तर

विद्यार्थी कार्यपुस्तकमा दिइएका प्रश्न, छलफल, चित्र वर्णन, कविताको सन्देश छलफल, खेलपश्चात्को छलफल आदि क्रियाकलापका क्रममा उठेका सवालमा प्रश्न उत्तर गर्न सकिन्छ ।

क) लिखित प्रश्नोत्तर

ख) मौखिक प्रश्नोत्तर (विभिन्न तहका छोटा प्रश्नहरू)

चित्र हेरी दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् ।

(क) दिइएको चित्रमा कति जना मानिस छन् ?

(ख) चित्रमा ककसले के के गरेका होलान् ?

(ग) हामी डाक्टरकहाँ किन जानुपर्छ ?

(घ) तपाईं बिरामी हुनुभयो भने कहाँ गएर उपचार गराउनुहुन्छ ?

(रूब्रिक : माथिका मध्ये सबै सही उत्तर दिएमा ४, कुनै चारवटा सम्म दिएमा ३, तिनवटासम्म दिएमा २ र तिनवटा भन्दा कमको दिएमा १)

Hemanta Paruli

अवलोकन

- कक्षाकार्य तथा छलफलमा विद्यार्थीहरुको सक्रियता र सहभागिताको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् ।
- विभिन्न खेलकुद खेलाउँदा विद्यार्थीहरुको सहभागिता र प्रदर्शनलाई अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् ।

माथीका विषयमा विद्यार्थीको मूल्यांकन गर्न अवलोकन फाराम तयार गरी त्यसै अनुसार मूल्यांकन गरी रेटिङ गर्नुपर्दछ ।

घ) एउटा कथा दिइ सो अनुसार खेल खेल्न लगाउने र उक्त खेलको अभिनय अवलोकन गरी तलको रूजु सूची भर्नुहोस् ।

(——/4)

(शिक्षक आफैंले अवलोकन गरी भर्ने)

विवरण	धेरै राम्रो (४)	राम्रो (३)	ठिकै (२)	नराम्रो (१)	प्राप्तांक
हाउभाउ					
संवाद					
सक्रियता					
सहकार्य					

(**रूब्रिक** : विद्यार्थीले पाएको अधिकत १६ मध्ये १२ भन्दा माथी आएमा ४, ८ भन्दा माथी आएमा ३, १४ भन्दा माथी आएमा २ र ४ भन्दा कम आएमा १ रेटिङ गर्ने)

स्वमूल्याङ्कन/सहपाठी मूल्याङ्कन

विद्यार्थीलाई कुनै खास विषयवस्तुमा फाराम तयार गरी त्यसमा आधारित भइ स्वयं मूल्याङ्कन गराउने र त्यसको आधारमा रेटिङ गर्नुपर्दछ ।

८. क) तल दिइएको फाराममा आफ्नो/साथीको सरसफाइको स्थिति मूल्यांकन गरी उपयुक्त कोठामा चिनो लागाउनुहोस् ।
(फाराम स्वयं विद्यार्थी/सहपाठीलाई उपलब्ध गराउने) (——/4)

क्र.सं.	स्वस्थकर बानी	प्रतिक्रिया				प्राप्तांक
		अतिराम्रो (४)	राम्रो (३)	ठिकै(२)	नराम्रो (१)	
१	कपालको सरसफाइ					
२	दाँतको सरसफाइ					
३	कानको सरसफाइ					
४	हातगोडाको सरसफाइ					
५	नङको सरसफाइ					
६	कपडाको सरसफाइ					
					जम्मा	

(रूब्रिक: विद्यार्थीले पाएको अधिकत २४ मध्ये २० भन्दा माथी आएमा ४, १५ भन्दा माथी आएमा ३, १० भन्दा माथी आएमा २ र १० भन्दा कम आएमा १ रेटिङ गर्ने)

Hemanta Parajuli

श्रेणी मापन

कुनै विषयमा विद्यार्थीको स्तर निर्धारण गर्न श्रेणीमापन फाराम प्रयोग गर्नुपर्दछ ।

७. क) योगासनको अभ्यास गराउनुहोस् । (शिक्षक आफैंले अवलोकन गरी भर्ने) (——/4)

योगासन	सहभागिता (५)	रूची र उत्साह (५)	प्रदर्शन स्तर (५)	जम्मा
भुजंगासन				
ताडासन				
पद्मासन				
अर्धचन्द्रासन				
कुल प्राप्तांक				

(रूब्रिक : विद्यार्थीले पाएको अधिकत ६० मध्ये ५० भन्दा माथी आएमा ४, ४० भन्दा माथी आएमा ३, ३० भन्दा माथी आएमा २ र ३० भन्दा कम आएमा १ रेटिङ गर्ने)

अभिभावक प्रतिक्रिया

विद्यार्थीको सकारात्मक व्यवहार मूल्यांकनका लागि अभिभावक प्रतिक्रिया निम्न अनुसार फारम तयार गरी पठाउन सकिन्छ ।

८. घ) विद्यार्थीको व्यवहारको मूल्यांकन गरी चिनो लगाउनुहोस् ।
(फाराम अभिभावकलाई उपलब्ध गराउने)

क्र.सं.	क्रियाकलाप	मापनका आधार			
		अपेक्षित भन्दा बढी (३)	अपेक्षित (२)	अपेक्षाभन्दा कम(१)	प्राप्तांक
१	व्यक्तिगत सरसफाइ सम्बन्धी बानी व्यवहार				
२	शरीरका अंगहरू सफा राख्ने बानी				
३	अनुशासन तथा राम्रा बानी				
४	घर आँगन, चर्पीको सरसफाइ सम्बन्धी सक्रियता				
५	हाम्रो वरपरको वातावरणको सरसफाइ सम्बन्धी चासो र सक्रियता				
६	सञ्चार माध्मप्रति सचेतता				
				जम्मा	

(रूब्रिकः विद्यार्थीले पाएको अधिकत १८ मध्ये १५ भन्दा माथी आएमा ४, १० भन्दा माथी आएमा ३, ५ भन्दा माथी आएमा २ र ५ भन्दा कम आएमा १ रेटिङ गर्ने)

Hemanta Parajuli

चित्र

विषयवस्तु अनुसार उपयुक्त चित्र दिइ त्यसको आधारमा विभिन्न प्रश्न तथा धारणाहरू भन्न वा लेख्न लगाइ मूल्याङ्कन गर्न सकिन्छ ।

९. दिइएको चित्रको अवलोकन गर्नुहोस् र त्यसमा देखिएका कुराहरू चारवटा पुरा वाक्यमा मौखिक वर्णन गर्नुहोस् । (——/4)

(रूब्रिक : चारवटै वाक्यका संरचना मिलाएर वर्णन गरेमा ४, तीनवटा गरेमा ३, दुई वटा गरेमा २ र दुई भन्दा कम गरेमा १ रेटिङ गर्ने)

Hemanta Parajuli

सन्दर्भ, घटना

कुनै सन्दर्भ वा घटना दिइ त्यसको बारेमा लिखित तथा मौखिक प्रश्नहरूको उत्तर दिन, धारणा व्यक्त गर्न, अनुमान गर्न, विभिन्न पक्षको बारे तर्कहरू दिन लगाउन सकिन्छ ।

पठन सामग्री

कुनै कथा, घटना विवरण दिइ त्यसको आधारमा विद्यार्थीलाई काम दिइ त्यसको मूल्याङ्कन गर्न सकिन्छ ।

१. लघुकथा सुनाइ सोका आधारमा निम्न कार्य गराउनुहोस् : (——/4)

जंगलमा चुनाव हुँदै थियो । बाघ र सिंह मुख्य उम्मेद्वार थिए । चितुवा पनि उम्मेदवार थियो । ब्वाँसोहरुले आफ्नो छुट्टै पार्टी बनाएका थिए । अनि, स्यालहरुले आफूलाई उपेक्षित, शोषित अनि पीडित बताउँदै पार्टी बनाएका थिए ।

जंगली कुकुरहरु निर्दलीय उम्मेदवार थिए । हरिणहरुले यिनीहरु मध्ये कोही छान्नु थियो । सबै उम्मेदवार हरिणहरुलाई उनीहरूको भोट हाल्ने अधिकारको बारे बुझाइ रहेका थिए । यसरी जङ्गलमा पूरा लोकतन्त्र लागू थियो ।

क) सुनेको आधारमा कथालाई पुनः भन्न लगाउने (४)

ख) विषयवस्तु, अनुमान, पात्र र घटना सहित मौखिक वर्णन गराउने (४)

ग) कारण र प्रक्रियाका बारेमा मौखिक प्रश्नोत्तर गर्ने (४)

घ) शीर्षक र सन्दर्भ भन्न लगाउने (२)

(रूबिक्सः उल्लेखित सबै कार्यहरू गरी जस्ममा १४ अंक मध्ये १२ भन्दा माथी अंक प्राप्त गरेमा ४, ८ भन्दा माथी अंक प्राप्त गरेमा ३, ४ भन्दा माथी अंक प्राप्त गरेमा २ र ४ वा त्योभन्दा कम अंक प्राप्त गरेमा १)

Hemanta Parajuli

परियोजना कार्य

विद्यार्थीलाई व्यक्तिगत तथा सामूहमा काम दिएर उक्त कामको आधारमा मूल्यांकन गर्न सकिन्छ ।

परियोजना कार्यको नमूना :

आफ्नो घरमा भएका कुनै दुईओटा भाँडाहरु बटुली सुरूमा ठुलो भाँडोको क्षमता सानो भाँडोको आधारमा अनुमान गरी त्यसपछि ठुलो भाँडोमा सानो भाँडोले नापेर पानी खन्याई कति पटकमा भरियो तलको जस्तो गरी टिपेर ल्याउन लगाउनुहोस् ।

अनुमानित	वास्तविक	मिले /नमिलेको
..... पटक	..... पटक	.....

मूल्याङ्कन साधन

कक्षा २ विषय : नेपाली थिम १ : म र मेरो परिवार (सिकाइ उपलब्धि नं. १ देखि ११ सम्म)

१. लघुकथा सुनाइ सोका आधारमा निम्न कार्य गराउनुहोस् :(---)

जंगलमा चुनाव हुँदै थियो। बाघ र सिंह मुख्य उम्मेद्वार थिए। चितुवा पनि उम्मेदवार थियो। ब्वाँसोहरुले आफ्नो छुट्टै पार्टी बनाएका थिए। अनि, स्यालहरुले आफूलाई उपेक्षित, शोषित अनि पीडित बताउँदै पार्टी बनाएका थिए। जंगली कुकुरहरु स्वत्रन्त उम्मेदवार थिए । हरिणहरुले भोट हालेर यिनीहरु मध्ये कोही छान्नु थियो । सबै उम्मेदवारहरू हरिणहरुलाई उनीहरूको भोट हाल्ने अधिकारका बारे बुझाइ रहेका थिए। यसरी जङ्गलमा लोकतन्त्र लागू थियो।

क) सुनेको आधारमा कथालाई पुनः भन्न लगाउने (४)

ख) विषयवस्तु, अनुमान, पात्र र घटना सहित मौखिक वर्णन गराउने (४)

ग) कारण, प्रक्रिया आदिका बारेमा मौखिक प्रश्नोत्तर गर्ने (४)

घ) शीर्षक र सन्दर्भ भन्न लगाउने (२)

(रूबिक्स : उल्लेखित सबै कार्यहरू गरी जसममा १४ अंक मध्ये १२ भन्दा माथी अंक प्राप्त गरेमा ४, ८ भन्दा माथी अंक प्राप्त गरेमा ३, ४ भन्दा माथी अंक प्राप्त गरेमा २ र ४ वा त्योभन्दा कम अंक प्राप्त गरेमा १)

२. कुनै एउटा घटना वर्णन गर्ने र त्यसबारे विद्यार्थीलाई पुनर्लेखन गराउने **:(---)**

(रूबिक्स: कथाका सबैजसो विषयवस्तु नछुटाइ लेखेमा ४, केही विषयवस्तु छुटाएर लेखेमा ३, आधाजसो विषयवस्तु छुटाएर लेखेमा २, केही मात्र लेखेमा वा नलेखेमा १)

मूल्याङ्कन साधन

कक्षा २ विषय : नेपाली थिम १ : म र मेरो परिवार (सिकाइ उपलब्धि नं. १ देखि ११ सम्म)

३. घरपरिवार र विद्यालयमा प्रयोग हुने २५ वटा शब्दहरूको सूची बनाई त्यसको अर्थ लेख्नुहोस् । :(---)

रूबिक्स: २० वटाभन्दा बढी शब्द लेखेर अर्थ बताएमा ४, १५ देखि २० सम्म शब्द लेखी अर्थ बताएमा ३, १० देखि १५ वटासम्म शब्द लेखी अर्थ बताएमा २ र १० भन्दा कम शब्दलेखी अर्थ भनेमा १)

४. अन्तिममा उस्तै ध्वनी आउने मिल्दा शब्द लेख्नुहोस् र शुद्धसँग उच्चारण गर्नुहोस् ।:(---)

सिमी, कैली, पेट, माटो, हानी, कालो, गयो, सिङ

(रूबिक्स: सबैजसोको मिले शब्दलेखि उच्चारण गरेमा ४, कुनै ६ वटासम्म मिल्दो शब्द लेख उच्चारण गरेमा ३, कुनै ४ वटासम्म मिल्दो शब्दलेखी उच्चारण गरेमा २ र चारवटा भन्दा कम शब्दलेखि उच्चारण गरेमा १)

५. दिइएको अनुच्छेद गति, यति र हाउभभाउ सहित शुद्धसँग पढ्नुहोस् । (एउटा अनुच्छेद दिने) :(---)

(रूबिक्स: दिइएको अनुच्छेद सबैजसोको गति, यति हाउभाउ सहित शुद्ध पढेमा ४, ७५ प्रतिशत भन्दा बढी शुद्ध संग पढेमा ३, ५० प्रतिशत जति शुद्ध संग पढेमा २ र २५ प्रतिशत वा त्यो भन्दा कम शब्दलेखि उच्चारण गरेमा १)

कक्षा १ , नेपाली

थिमगत सिकाइ उपलब्धी मूल्याङ्कन अभिलेखिकरण फाराम

शैक्षिक सत्र: .....

थिम : १. म र मेरो परिवार

क्र.सं.	सिकाइ उपलब्धी	१.कुराकानी, संवाद, छलफल र प्रश्नोत्तरका क्रममा उपयुक्त भाषाको प्रयोग गर्न				२. पारिवारिक परिवेशमा प्रयोग हुने शब्द पहिचान गरी प्रयोग गर्न				३. सङ्केतक जोडी विभिन्न आकृति र चित्र निर्माण गर्न				४. पाठमा प्रयुक्त दैनिक प्रयोगमा आउने शब्द र शीर्ष शब्द पढ्न (अनुच्चारण वा अनुकथन गर्न)				५. चित्र, शीर्षक, पाठ परिवेश र सन्दर्भका आधारमा छलफल र प्रश्नोत्तर गर्न				६. पाठगत परिवेश, पात्र र सन्दर्भको पहिचान, छलफल, प्रश्नोत्तर एवम् तुलना गर्न				७. शब्दअनुसारका चित्र र चित्रअनुसारका शब्द पहिचान गरी प्रश्नोत्तर गर्न				८. क्रियाका काल, पदसङ्गति र चिह्नको सचेततासहित मौखिक तथा लिखित अभिव्यक्ति दिन				सिकाइ उपलब्धी अंकको जोड	सिकाइ उपलब्धी अ.क प्रतिशत	कैफियत
	परीक्षण गर्ने पक्ष	श्रुती लेखन				शब्दभण्डार				पुनरुत्पादन				संकेतन र विसंकेतन, शब्दभण्डार				पठनबोध				पठनबोध				दृष्यबोध				चिन्ह, काल र संगति						
	परीक्षण गर्ने साधन	कुराकानी, अवलोकन, छलफल, प्रश्नोत्तर				शब्दसूची, अर्थबोध र प्रयोग				ढाँचा लेखन, रङ भरण				श्रवण र उच्चारण, परियोजना कार्य				छलफल र प्रश्नोत्तर, वर्णन				सूचना प्रयोग, छलफल र प्रश्नोत्तर				चित्र, श्रव्यदृष्य सामग्री				मौखिक प्रयोग						
	विद्यार्थीको नामथर	नियमित प.प.को मूल्यांकन		थप स.प.को मूल्यांकन		नियमित प.प.को मूल्यांकन		थप स.प.को मूल्यांकन		नियमित प.प.को मूल्यांकन		थप स.प.को मूल्यांकन		नियमित प.प.को मूल्यांकन		थप स.प.को मूल्यांकन		नियमित प.प.को मूल्यांकन		थप स.प.को मूल्यांकन		नियमित प.प.को मूल्यांकन		थप स.प.को मूल्यांकन		नियमित प.प.को मूल्यांकन		थप स.प.को मूल्यांकन		नियमित प.प.को मूल्यांकन		थप स.प.को मूल्यांकन				
		मिति	अंकन	मिति	अंकन	मिति	अंकन	मिति	अंकन	मिति	अंकन	मिति	अंकन	मिति	अंकन	मिति	अंकन	मिति	अंकन	मिति	अंकन	मिति	अंकन	मिति	अंकन	मिति	अंकन	मिति	अंकन	मिति	अंकन	मिति	अंकन			
१	कृष्टी	५/	४	–	–	५/१	२	२०	३	२५	४		–	६/	३	६/	३	६/१	४			४					३				४			२८	८७.५	
२		६			२									१		६		१																	%	
३																																				
४																																				
५																																				
६																																				
७																																				
८																																				
९																																				
१०																																				
११																																				
१२																																				
१३																																				
१४																																				
१५																																				

$$\frac{२८}{४X८} X १०० = ८७.५\%$$

Hemanta Parajuli

१. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

(क) पढेर सुनाउनुहोस् :

बगैंचामा केराका घरी धेरै छन् । घरी ठुला ठुला छन् । त्यसैले कुनै केराका थाममा टेका दिइएको छ । कुनै घरीमा केराका कोसा पहेंलपुर भएर पाकेका छन् । फर्सीका लहरा बारीभरि छन् । आमाले बारीका फर्सी, टमाटर र खुर्सानी डालामा राख्नुभयो । उहाँले टालाले डालो छोप्नुभयो । फर्सी लिएर आमा घर जानुभयो । बुबाले डालाको फर्सी काटेर तरकारी पकाउनुभयो । कति मिठो फर्सीको तरकारी !

(ख) वर्ण परिवर्तन गरी नयाँ शब्द बनाउनुहोस् :

म	प	च	क	घ	भ

खुसुक्क ..... भुलुक्क ..... ढुकढुक .....

(च) बहुवचनमा परिवर्तन गर्नुहोस् :

(अ) तिमी खाना खान्छौ । .....

(आ) म कोठा सफा गर्छु । .....

(इ) ऊ लुगा धुन्छ । .....

(छ) सुन्नुहोस् र उत्तर लेख्नुहोस् :

घरमा धेरै प्रकारका सामानहरू छन् । ती सामानका काम पनि फरक फरक छन् । भान्सामा थाल, कचौरा, कसौंडी, कराही र ताप्के हुन्छन् । डाडु र डेक्ची भान्छामा प्रयोग हुन्छन् । यी सामानलाई जतन पनि गर्नुपर्छ । कसौंडीमा पकाएको खाना मिठो हुन्छ । कराहीमा पकाएको तरकारी धेरै मिठो हुन्छ । खाना खाँदा आमाले थुर्पीले घिउ दिनुहुन्छ । बुबाले ठेकीको दही दिनुहुन्छ । हामीले मिठो मानेर खाना खाँदा आमाबुबा धेरै खुसी हुनुहुन्छ । हामीलाई पनि आमाबुबाभन्दा धेरै कसले पो माया गर्छ र ?

(अ) भान्सामा कुन कुन सामानहरू हुन्छन् ?

द्रष्टव्य : कार्यपुस्तक/पाठ्यपुस्तकको विषयगत क्षेत्रको अन्तिम क्रियाकलापको रूपमा राखिएको मूल्याङ्कन क्रियाकलापबाट समेत उक्त मूल्याङ्कन फाराम भर्न सकिने छ ।

(घ) मिल्ने अर्थसँग जोडा मिलाउनुहोस् :

भर	तिजको अगिल्लो दिन खाने परिकार
हार	ढिपी गर्ने काम
दर	भर्ने काम
कर	माला

(ङ) शब्द चिन्नुहोस् र छुट्याएर लेख्नुहोस् :

(अ) बोटबिरुवानरोपेकालेपहिरोगयो । .....

(आ) खोलामामाछाहराए । .....

(इ) जनावरनदीतर्नसकेनन् । .....

(ज) तलका शब्द प्रयोग गरी अनुच्छेद पूरा गर्नुहोस् :

बस्छौं, समाज, परिवार, समाज, असल, शिक्षित, सम्बन्धित, सुधार्छ, निर्माण, शिक्षा

हामी परिवारमा ..... । परिवार परिवार मिलेर ..... बन्छ । हरेक व्यक्तिले धेरै कुरा ..... बाट सिक्छ । परिवारले पनि धेरै कुरा ..... बाट सिक्छ । असल परिवारबाट ..... समाज बन्छ । असल समाज बनाउन हामी ..... बन्नुपर्छ । शिक्षा परिवार र समाजसँग ..... हुन्छ । शिक्षाले समाज ..... । असल शिक्षाले असल परिवार ..... गर्छ । परिवार असल भएपछि असल ..... पाइन्छ ।

शिक्षकको हस्ताक्षर : ..... अभिभावकको हस्ताक्षर : .....

कक्षा : २ | विषय : नेपाली | विद्यार्थीको नाम : विशाल तामाङ | रोलनम्बर : १

१. म र मेरो परिवार

सिकाइ उपलब्धि	परीक्षण गर्ने पक्ष	साधन	नियमित पढाइको मूल्याङ्कन		थप सहायतापछिको मूल्याङ्कन		कैफियत
			मिति	अङ्कन	मिति	अङ्कन	
१. कुराकानी, संवाद, छलफल र प्रश्नोत्तरका क्रममा उपयुक्त भाषाको प्रयोग गर्न	श्रुतिकथन र श्रुतिवर्णन	कुराकानी, अवलोकन (हाउभाउ र कथन), छलफल, प्रश्नोत्तर	०१/२९	४	—	—	
२. विषयवस्तुका आधारमा कुराकानी र छलफल गरी लिखित अभिव्यक्ति दिन	श्रुतिरचना	लिखित सञ्चार	०१/२९	३	०१/३१	४	
३. पारिवारिक र विद्यालयीय परिवेशमा प्रयोग हुने शब्द पहिचान गरी प्रयोग गर्न	शब्दभण्डार	शब्दसूची, अर्थबोध र प्रयोग	०१/२९	२	०१/३१	४	
४. उस्तै उस्तै ध्वनि तथा समान संरचना भएका शब्दको प्रयोग गरी भाषिक सञ्चार गर्न	पठन अभ्यास र वर्ण विभेदीकरण	शब्द उच्चारण, लिखित कार्य	०१/२९	१	०१/३१	३	
५. पाठ्यसामग्री पढेर नयाँ शब्द पहिचान, अर्थबोध र प्रयोग गरी लेख्न	पठन अभ्यास	सस्वरवाचन	०१/२९	४	—	—	
	पठन अभ्यास र पुनरुत्पादन	प्रवाह, पाठ वा पाठ्यसामग्री					
६.			०१/३०	४	—	—	
७.			०१/३०	४	—	—	
८.			०४/३०	४	—	—	
९. चित्र, शीर्षक, पाठको परिवेश र सन्दर्भका आधारमा छलफल, प्रश्नोत्तर र तुलना गर्न	पठन बोध	छलफल र प्रश्नोत्तर, वर्णन	०४/३०	४			
१०. शब्दअनुसारका चित्र र चित्रअनुसारका शब्द पहिचान गरी प्रश्नोत्तर गर्न	दृश्यबोध	चित्र, श्रव्यदृश्य सामग्री, स्थलगत भ्रमण	०४/३०	2	०१/३१	३	
११. पदसङ्गति मिलाई लेख्यचिह्न र क्रियाका कालको उपयुक्त प्रयोग गरी वाक्य तथा अनुच्छेद रचना गर्न	चिह्न, काल र सङ्गति	मौखिक प्रयोग, लिखित प्रयोग	०४/३०	४			
अभिभावकको दस्तखत :	शिक्षकको दस्तखत र मिति :	सिकाइ उपलब्धिको अङ्कको जोड				४२	
		सिकाइ उपलब्धि प्रतिशत				९५.४५%	

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

$$\frac{४२}{४ \times ११} \times १००$$

Prem Bhisang Dangiana

समष्टिगत मूल्याङ्कन अभिलेख

कक्षा १, नेपाली

क.स.	थिमको नाम	१. म र मेरो परिवार			२. मेरो दैनिक जीवन			३.हाम्रो समुदाय			४. मेरो विद्यालय			५. हाम्रो वातावरण			६. मेरो सिर्जना			७. रुचि र बानी			८. हाम्रो संस्कृति			९. सञ्चार प्रविधि र बजार			१०. हाम्रा क्रियाकलाप			११. हाम्रो वरपरको संसार			जम्मा		
	सि.उ.संख्या																																					
	विद्यार्थीको नाम	प्राप्ताङ्क	सि.उ. प्रतिशत	उपलब्धि स्तर	प्राप्ताङ्क	सि.उ. प्रतिशत	उपलब्धि स्तर	प्राप्ताङ्क	सि.उ. प्रतिशत	उपलब्धि स्तर	प्राप्ताङ्क	सि.उ. प्रतिशत	उपलब्धि स्तर	प्राप्ताङ्क	सि.उ. प्रतिशत	उपलब्धि स्तर	प्राप्ताङ्क	सि.उ. प्रतिशत	उपलब्धि स्तर	प्राप्ताङ्क	सि.उ. प्रतिशत	उपलब्धि स्तर	प्राप्ताङ्क	सि.उ. प्रतिशत	उपलब्धि स्तर	प्राप्ताङ्क	सि.उ. प्रतिशत	उपलब्धि स्तर	प्राप्ताङ्क	सि.उ. प्रतिशत	उपलब्धि स्तर	प्राप्ताङ्क	सि.उ. प्रतिशत	उपलब्धि स्तर	प्राप्ताङ्क	सि.उ. प्रतिशत	उपलब्धि स्तर
१.																																						
२.																																						
३.																																						
४.																																						
५.																																						
६.																																						
७.																																						
८.																																						
९.																																						
१०.																																						

GPA को गणना सम्बन्धी अवधारणा

- सबै विषयमा प्राप्त गरेको Grade Point को विषयको पाठ्यभार अनुसारको औसतलाई Grade Point Average(GPA) भनिन्छ ।
- विषयगत रूपमामा Grade Point र Credit Hour को गुणाङ्कलाई Weighted Grade Point (WGP) भनिन्छ । जुन GPA निकाल्न आन्तरिक रूपमा मात्र प्रयोग गरिन्छ ।
- सबै विषयको WGP को जोडलाई सबै विषयको जम्मा Credit Hour ले भाग गरेर GPA निकालिन्छ ।
- फरक फरक पाठ्यभार भएको विषयको WGP फरक हुने भएकोले सिधै विषयगत Grade Point को औसतका आधारमा GPA निकाल्नु गलत हुन्छ । यसबारेमा शिक्षक पूर्ण जानकार हुनुपर्दछ ।

Grade and Grade point Calculation formulae in Excel

Grade:

=IF(F8>=90,"A+",IF(F8>=80,"A",IF(F8>=70,"B+",IF(F8>=60,"B",IF(F8>=50,"C+",IF(F8>=40,"C",IF(F8>=35,"D",IF(F8<35,"NG")))))))

Or

=IF(G8="4.0","A+",IF(G8="3.6","A",IF(G8="3.2","B+",IF(G8="2.8","B",IF(G8="2.4","C+",IF(G8="2.0","C",IF(G8="1.6","D",IF(G8="-","NG","ABS")))))))

Grade Point:

=IF(G8="A+",4,IF(G8="A",3.6,IF(G8="B+",3.2,IF(G8="B",2.8,IF(G8="C+",2.4,IF(G8="C",2,IF(G8="D",1.6, "-")))))))

Or

=IF(F8/F$7>=0.9,"4.0",IF(F8/F$7>=0.8,"3.6",IF(F8/F$7>=0.7,"3.2",IF(F8/F$7>=0.6,"2.8",IF(F8/F$7>=0.5,"2.4",IF(F8/F$7>=0.4,"2.0",IF(F8/F$7>=0.35,"1.6",IF(F8/F$7>0,"-","ABS")))))))

GPA

=IFERROR((H8*5+L8*4+P8*4+T8*8+X8*5)/26,"-")

पाठ्यक्रम अनुसार ग्रेड निर्धारण

उपलब्धि प्रतिशत	अक्षरमा उपलब्धि स्तर	उपलब्धिस्तरको व्याख्या
३० भन्दा कम	E	ज्यादै कमजोर
३० र सो भन्दा माथि ४५ भन्दा कम	D	कमजोर
४५ र सो भन्दा माथि ६० भन्दा कम	C	सामान्य
६० र सो भन्दा माथि ७५ भन्दा कम	B	राम्रो
७५ र सो भन्दा माथि ९० भन्दा कम	A	उच्च
९० र सो भन्दा माथि	A^+	उत्कृष्ट

परिच्छेद -३
विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङ

६. **ग्रेड निर्धारण :** (१) विद्यालय शिक्षा (कक्षा १-१२) मा लेटर ग्रेडिङ लागु गर्न देहाय बमोजिम ग्रेड निर्धारण गरिनेछ,-

क्र.स.	उपलब्धि प्रतिशत	स्तरीकृत अङ्क	अक्षरमा उपलब्धिस्तर	उपलब्धि स्तरको व्याख्या
१	९० र सोभन्दा माथि	४.०	A+	सर्वोत्तम (Outstanding)
२	८० र सोभन्दा माथि ९० भन्दा कम	३.६	A	अत्युत्तम (Excellent)
३	७० र सोभन्दा माथि ८० भन्दा कम	३.२	B+	उत्कृष्ट (Very Good)
४	६० र सोभन्दा माथि ७० भन्दा कम	२.८	B	उत्तम (Good)
५	५० र सोभन्दा माथि ६० भन्दा कम	२.४	C+	सन्तोषजनक (Satisfactory)
६	४० र सोभन्दा माथि ५० भन्दा कम	२.०	C	ग्राह्य (Acceptable)
७	३५ र सोभन्दा माथि ४० भन्दा कम	१.६	D	आधारभूत (Basic)
८	३५ भन्दा कम	-	NG	अवर्गीकृत (Not Graded)

Hemanta Parajuli

$$GPA = \frac{\text{Sum of WGP}}{\text{Total credit of the class}}$$

Calculation of Grade Point Average (GPA)

S.N.	SUBJECTS	CREDIT HOUR (CH)	GRADE POINT	GRADE	Weighted Grade Point (WGP)
1.	NEPALI	5	3.6	A	18
2.	ENGLISH	4	4	A+	16
3.	MATHMATICS	4	2.8	B	11.2
4.	OUR SURROUNDING	8	3.6	A	28.8
5.	LOCAL SUBJECT/MOTHER TONGUE/SANSKRIT	5	3.2	B+	16
TOTAL		26			90
GRADE POINT AVERAGE = 3.46					

क्रियाकलाप : चित्र वर्णन
विषयक्षेत्र : म र मेरो परिवार
भाषिक तत्त्वगत क्रियाकलाप: श्रव्यदृश्यबोध

सहजीकरण क्रियाकलाप

- म र मेरो परिवारसँग सम्बन्धित देहायको जस्तै चित्र देखाई चित्रको बारेमा छलफल गराउनुहोस् ।

जस्तैः

- ➢ चित्रमा को को हुनुहुन्छ ?
- ➢ चित्रमा भएका व्यक्ति के के गर्दै हुनुहुन्छ ?
- ➢ चित्रमा कति जना व्यक्ति हुनुहुन्छ ?
- ➢ चित्रमा भएको परिवार एकल परिवार हो कि संयुक्त परिवार हो ?

- विद्यार्थीका विचारलाई समेट्दै चित्रमा भएको विषयवस्तु बताइदिनुहोस् ।
- विद्यार्थीलाई आफ्नो परिवारमा कतिजना सदस्य हुनुहुन्छ ? के के काम गर्नुहुन्छ ? जस्ता प्रश्नमा आधारित भई परिवारको बारेमा बताउन लगाउनुहोस् ।

क्रियाकलाप : परिचय खेल
विषयक्षेत्र : म र मेरो परिवार
भाषिक तत्त्वगत क्रियाकलापः बोध

सहजीकरण क्रियाकलाप

- विद्यार्थीलाई गोलो घेरामा राख्नुहोस् ।
- आफ्नो परिवारको परिचय खेल खेल्न लागेको र खेल खेल्दा ध्यान दिनुपर्ने पक्षहरू तथा भन्नुपर्ने कुराहरू बताइदिनुहोस् ।
- खेल खेल्दा बल पास गरी आफ्नो परिवारको बारेमा भन्नुपर्ने कुरा बताइदिनुहोस् ।
- सुरुमा शिक्षकले नमुनाका लागि आफ्नो परिवारको सदस्य, काम र प्रकारका बारेमा बताइदिनुहोस् ।
- बल पास गर्दै विद्यार्थीलाई देहायका प्रश्नमा आधारित भई आफ्नो परिवारको बारेमा बताउन लगाउनुहोस् ।
- विद्यार्थीलाई परिचय खेल खेलाउनुहोस् ।
  - ➢ तपाईँको परिवारमा को को हुनुहुन्छ ?
  - ➢ तपाईँको परिवारका सदस्यले के काम गर्नुहुन्छ ?
  - ➢ तपाईँको परिवार एकल परिवार हो कि संयुक्त परिवार हो ?

क्रियाकलापः परिवारको वृक्ष चार्ट
विषयक्षेत्रः म र मेरो परिवार
भाषिक तत्त्वगत क्रियाकलापः शब्दभण्डार, लेखाइ

सहजीकरण क्रियाकलाप

- देहायको परिवारको रुखको कार्यपाना फोटोकपी गरी सबै विद्यार्थीलाई पुग्ने गरी दिनुहोस् ।
- शिक्षकले नमुनाका लागि आफ्नो परिवारको वृक्ष चार्टको नमुना भरेर देखाइदिनुहोस् ।
- विद्यार्थीलाई वृक्षमा आफ्नो परिवारको सदस्यहरूको नाम भर्न लगाउनुहोस् ।



- विद्यार्थीलाई मेरो परिवार वृक्ष चार्ट बनाउन लगाउनुहोस् ।
- सो चित्रमा आफ्नो परिवारका सदस्यहरूको नामसहित वृक्ष चार्ट बनाउन लगाउनुहोस् ।
- विद्यार्थीले बनाएका वृक्ष चार्ट प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

क्रियाकलापः स्वागत र अभिवादन खेल
विषयक्षेत्रः म र मेरो परिवार
भाषिक तत्त्वगत क्रियाकलापः ध्वनि सचेतीकरण

सहजीकरण क्रियाकलाप

- विद्यालय वरिपरि भएका फूल वा बिरुवाका पातका ससाना गुच्छा सबै विद्यार्थीलाई पुग्ने गरी बनाउनुहोस् ।
- सबै विद्यार्थीलाई कक्षा बाहिर लाइन लागी बस्न भन्नुहोस् ।
- कक्षाबाहिरको ढोकाछेउमा बसी प्रत्येक विद्यार्थीलाई पालैपालो नमस्कार, तपाईँलाई स्वागत छ, आरामै हुनुहुन्छ भन्दै फूल वा बिरुवाका पातका ससाना गुच्छा दिई स्वागत गर्नुहोस् ।
- स्वागतका क्रममा विद्यार्थीसँग कुराकानी, संवाद, अन्तर्क्रिया र प्रश्नोत्तर गर्नुहोस् ।
- सबै विद्यार्थीलाई उत्तिकै महत्त्व दिई उनीहरूको प्रतिक्रिया अवलोकन गर्नुहोस् ।
- विद्यार्थीलाई स्वागत र अभिवादन गर्दा प्रयोग गरिने शब्दहरूको प्रयोग गरी थप अभ्यास गराउनुहोस् ।

क्रियाकलापः चित्र छलफल
विषयक्षेत्रः म र मेरो परिवार
भाषिक तत्त्वगत क्रियाकलापः श्रव्यदृश्यबोध

सहजीकरण क्रियाकलाप

- देहायको जस्तै कुनै चित्र देखाई चित्रमा को को छन् ? चित्रमा भएका व्यक्ति के के गर्दै छन् ? जस्ता प्रश्न सोधी छलफल गराउनुहोस् ।

- घरमा कोही पाहुना आउँदा कसरी अभिवादन गर्नुहुन्छ ? कसरी सत्कार गर्नुहुन्छ ? छलफल गराउनुहोस् ।
- चित्र छलफलका क्रममा परिचय गर्दा, कसैलाई भेट्दा आफ्नो संस्कृतिअनुसार अभिवादन गर्नुपर्ने कुरा बताइदिनुहोस् ।
- विद्यार्थीलाई अभिवादनको नमुना देखाई अभ्यास समेत गराउनुहोस् ।

क्रियाकलापः अनुच्छेद लेखन
विषयक्षेत्रः म र मेरो परिवार
भाषिक तत्त्वगत क्रियाकलापः लेखाइ

सहजीकरण क्रियाकलाप

- घरमा पाहुना आउँदा कसरी अभिवादन र सत्कार गर्नुहुन्छ ? जस्ता प्रश्न सोधी छलफल गर्नुहोस् ।
- विद्यार्थीसँग छलफल गर्दा सबै विद्यार्थीलाई आफ्नो संस्कृतिअनुसार प्रयोग हुने अभिवादन सम्बन्धमा छलफल गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीले आफ्नो संस्कृतिअनुसार मनाउने चाडपर्वका बारेमा बताउन लगाउनुहोस् ।
- आफ्नो संस्कृतिअनुसार प्रचलनमा रहेका अभिवादन र कुनै चाडपर्वसँग सम्बन्धित भई देहायको संवाद लेख्न लगाउनुहोस् ।

दिइएको संवाद पूरा गर्नुहोस् ।
सम्झना : नमस्कार !
पासाङ : .....
सम्झना : आरामै हुनुहुन्छ ?
पासाङ : आरामै छु । तपाईंलाई कस्तो छ ?
सम्झना : .....
पासाङ : हिजो किन विद्यालय नआउनुभएको ? हामीले त विद्यालयमा हिजो चाडपर्वका बारेमा छलफल गऱ्यौं ।
सम्झना : .....
पासाङ : ए हो र । अनि यो चाड कसरी मनाइन्छ ?
सम्झना : .....
पासाङ : .....
सम्झना : .....
पासाङ : .....

सन्दर्भ सामग्रीहरू

१. आधारभूत तह (कक्षा १–३) पाठ्यक्रम: २०७६

२. आधारभूत तह (कक्षा १-३) मा एकीकृत सिकाइ सहजीकरणसम्बन्धी शिक्षक पेसागत विकास तालिम स्रोत सामग्री: २०७८

३. लेटर ग्रेडिङ निर्देशिका: २०७८

४. लेटर ग्रेडिङ पध्दतिको कार्यान्वयनका लागि सहयोगी पुस्तिका: २०७९

५. कक्षा १–३ कार्यपुस्तक/ पाठ्यपुस्तकहरू

६. शिक्षक निर्देशिका कक्षा १–३

७. विभिन्न पाठ्क्रम कार्यान्वयन तालिम

धन्यवाद!